## उर्जा दक्षता किन रोज्ने ?

बढ्दो जनघनत्व तथा बहुआयामिक ईलेक्ट्रोनिक प्रविधिको बढ्दो उपभोगका कारण नेपालमा बिजुलीको माग दिनानुदिन बढ्दो गतिमा छ र यो कलकारखाना, साना तथा ठूला उद्योगधन्दाका लगानीकर्ता, बिजुली आपूतिकर्ता, उत्पादक र सामान्य उपभोक्ताहरूको मुख्य चासोको विषय बनेको छ। विश्वमा जल स्रोतको धनि, बाह्रैमास बगिरहने खोलानाला, तालतलैया भएतापनि देशले भारी लोडसेडिङ्को समस्या झेल्नु परेको छ। यस्तो अवस्थामा मुलुकलाई स्थायी ऊर्जाको व्यवस्थापन तर्फ उन्मुख गर्नको निमित्त ऊर्जा दक्षताको उपयोगनै देशको ऊर्जा बहसको मुख्य बुँदा हुन सक्छ।

सरल भाषामा भन्नुपर्दा ऊर्जा दक्षता भनेको किफायती रूपमा ऊर्जाको प्रयोग गरी वस्तु तथा सेवाको उत्पादन प्रक्रियामा ऊर्जाको खपतलाई कम गर्नु हो। ऊर्जाको दक्ष उपयोग गर्ने प्रविधि भवन निर्माण, यातायात र उद्योगहरूमा अपनाएमा सन् २०५० सालको अन्त्यसम्ममा विश्वभरिनै ऊर्जाको खपत एक तिहाईले घट्ने अनुमान छ। जलवायु परिवर्तनले ल्याएको आपतकालिन अवस्थाको सामना गर्नका लागि ऊर्जा दक्षतानै हाम्रो एउटै उपाय हुनसक्छ, जसले ग्रीन हाउस ईमिसन र ग्लोबल वार्मिङ्को प्रभावलाई उल्लेखनिय रूपमा कम गर्दछ।

## हामी को हौं ?

ऊर्जा दक्षता केन्द्र (ईईसी) एक केन्द्रीय संस्था हो, जो ऊर्जा तथा वातावरण इकाई र नेपाल उद्योग वाणिज्य महासंघको प्रायोजनमा सन् २००९ सालमा स्थापना भएको हो।
ऊर्जा दक्षता सम्बन्धी विभिन्न मुद्दाहरूलाई सम्बोधन गर्न र नेपालको ऊर्जा बजारमा ऊर्जाको प्रभावकारी उपयोगको अवधारणाको विकास गर्ने उद्देश्यले यस संस्थाको स्थापना भएको हो।
त्यसैले ऊर्जाको दक्ष उपयोगलाई शीर्ष बहस बनाई नेपाललाई ऊर्जाको प्रभावकारी सेवाहरू प्रदान गर्न सक्ने एक सक्षम विज्ञ समूहको आवश्यकता छ। यही लक्ष्य अनुरूप ईईसीले यी प्रावधानहरूलाई प्राप्त गरी र ऊर्जाको दक्ष उपयोगिता सम्बन्धी कार्यहरू संचालन गरी बजारमा सचेतना फैलाई देशको आर्थिक विकासलाई दीगोरूपमा सुदृढ बनाउने छ।
नेपाल ईनर्जी ईफिसियन्सी प्रोग्राम (नीप) को स्थापनाकालदेखिनै, नेपाल उद्योग वाणिज्य महासंघ यस कार्यक्रमको मुख्य साझेदारको रूपमा सहकार्य आएको छ।

नेपाल तथा संघीय गणतन्त्र जर्मनी बीचको द्विपक्षीय विकास सहयोगको दायराभित्र नेपालमा ऊर्जाको दक्षताको प्रवर्द्धन गर्ने प्रमुख उद्देश्यका साथ संचालित नीपको कार्यान्वयन नेपाल सरकार ऊर्जा मन्त्रालयले जर्मन संघीय आर्थिक सहयोग एवं विकास मन्त्रालयको निमित्त जर्मन विकास सहयोग जीआइजेडको सहयोगमा गर्दै आएको छ।

## दुर दृष्टि

ईईसी एक केन्द्रीय संस्था हो जसले नेपालको उद्योग र व्यवसायमा ऊर्जाको दक्ष उपयोगको विकास गर्दछ।



## लक्ष्य

नेपाली उद्योग र उद्यमीहरूलाई प्रतिस्पर्धी बनाउन ऊर्जा दक्षता उपयोग प्रविधिहरू, प्रक्रियाहरू र अभ्यासहरूलाई अनुकुल बनाउने।

## उद्देश्यहरु

ईईसीले दुवै सदस्य तथा गैर सदस्य उद्योग र उद्यमीहरूलाई सेवाहरू प्रदान गर्दछ। हामी निजी क्षेत्रहरूमा ऊर्जाको दक्ष उपयोगलाई बढाउनको लागि केन्द्रीय सस्थाको रूपमा कार्यरत छौं।

- *नेपालको सबै जिल्ला/संस्था/औद्योगिक समुदायको साथै देशभरि ऊर्जाको दक्ष उपयोगिताको सञ्जाललाई बढावा दिने।*
- *ऊर्जाको दक्ष उपयोगिताको विषयमा ज्ञान र सेवाहरूको विकास र आदान प्रदानको लागि इकाईलाई साझा मञ्चको रूपमा विकास गर्ने।*
- *ऊर्जाको दक्ष उपयोगिताको क्षेत्रमा क्षमता निर्माण गर्ने।*
- *विकास संस्थाहरू र नेपाल सरकारसंग सहकार्य गर्नका लागि एउटा मञ्चको विकास गर्ने।*
- *दीगो र वातावरण मैत्री नेपाली अर्थ व्यवस्थाको विकास गर्ने।*

## हामी के गर्छौं ?

ईईसीले नेपालमा ऊर्जाको दक्ष उपयोगिताको विकासको दायित्व बोकेर यस क्षेत्रमा व्यवसायिक नेतृत्व लिएर बजारमा प्रमुख भूमिका निभाउनुको साथै उच्च सेवा प्रदान गर्दछ।
ईईसीको प्रमुख कार्यहरू यस प्रकार छन :

१. ऊर्जाको दक्ष उपयोग बारे जागरूकता र ज्ञान आदान प्रदान गतिविधिहरू संचालन गर्ने।
२. प्रशिक्षण, प्रमाणीकरण र क्षमता अभिवृद्धि गर्ने।
३. ऊर्जा परिक्षणको सञ्चालन गर्ने।
४. सल्लाह र परामर्श सेवाहरू दिन।
५. बैंकलाई चाहिने ऊर्जा परिक्षण सम्बन्धी प्रतिवेदनको प्रमाणिकरण गर्ने।
६. नीतिहरूको विकासमा सल्लाह सुझावहरू पेश गर्ने।

## हामी कसलाई सेवा दिन्छौ ?

- *अत्याधिक ऊर्जा खपत हुने ठूला उद्योग र व्यवसायहरूलाई*
- *साना तथा मझौला उद्योगहरूलाई*
- *विकास संस्थाहरू, सार्वजनिक संस्थाहरूलाई आदि*

## उपलब्धिहरु

- ६० भन्दा बढी ऊर्जा परिक्षकहरू तयार।
- अत्याधिक ऊर्जा खपत गर्ने २०० भन्दा बढि उद्योगहरूको अध्ययन।
- उद्योग, आई.एन.जी.ओ/एन.जी.ओहरूमा ४० भन्दा बढि ऊर्जा परिक्षण सम्पन्न।
- नेपाल उद्योग वाणिज्य महासंघको सदस्य २० वटा जिल्ला/नगर उद्योग वाणिज्य संघहरूमा एकाईहरूको स्थापना ।